लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित

जि.प्र.का.द.नं. :-१३/०७६/०७७

जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY

www.erupse.com साप्ताहिक

"होटल जोमसोम प्राइड"
जोमसोम मुस्ताङ,०६९-५९००८३,९८२४७२३१३६



मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।

वर्ष ८, अंक ३० २०८३ भदौ २६ गते शुक्रबार (Friday 11 September 2026) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

# ७६ जना २० वर्ष मुनिकै आमा बन्दा १४ वर्षकी पनि

अमृत बास्कुने



एआइ सृजित सांकेतीक तस्बीर

नेपालमा विवाहका लागि कानुनी उमेर २० वर्ष र १८ वर्षभन्दा कम उमेरका बालबालिकाको यौन सुरक्षाका लागि समेत कानुनले विशेष व्यवस्था गरेको भए पनि प्रदेश अस्पताल बेनीमा पछिल्लो १४ महिनामा एक जना १४ वर्षको सहित ७६ जना २० वर्ष मुनिका आमा बनेका छन ।

अस्पतालको प्रसूतिमा पछिल्लो १४ महिनामा ७६ जना २० वर्ष भन्दा कम उमेरमै आमा भएका छन् । २० वर्ष मुनिका ७६ जना सुत्केरी भएका मध्ये १८ वर्ष पुरा नभएका पनि ३७ जना रहेको बेनी अस्पतालका निमित्त मेडिकल सुपरीटेण्डेन्ट डा.हेमन्त बाँस्तोलाले बताउनुभयो ।

डा.बाँस्तोलाका अनुसार सबैभन्दा कम उमेरकी १४ वर्षकी बालिकाले बच्चा जन्माएकी छिन् । त्यस्तै प्रदेश अस्पताल बेनीमा १५ वर्षका तीन जना, १६ वर्षका चार जना, १७ वर्षका १० जना र १८ वर्षका २२ जना किशोरीले सुरक्षित प्रसुति सेवा लिएको तथ्यांकमा उल्लेख छ ।

नेपालको कानुनले २० वर्ष पूरा नगरी विवाह गर्न निषेध गरेको छ । त्यस्तै १८ वर्षभन्दा कम उमेरका बालिकासँग सहमतिमा यौन सम्बन्ध राखिएको अवस्थामा समेत कानुनले त्यसलाई बलात्कारको रुपमा परिभाषित गरेको छ । यस्तो कानुनी व्यवस्था हुँदाहुँदै १४ वर्षकै उमेरमा बालिका आमा बन्न अस्पताल पुग्नु गम्भीर सामाजिक, कानुनी र जनस्वास्थ्यको विषय बनेको डा.बाँस्तोला बताउनुहुन्छ ।

यो तथ्यांकलाई केवल कम उमेरमा बच्चा जन्माएको घटनाका रुपमा हेर्नै भन्दा पनि यसको पछाडि बालविवाह, गरिबी, शिक्षा बीचमै छुट्ने अवस्था, सामाजिक दबाब, लैंगिक असमानता, यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी जानकारीको कमी र बालबालिकाको संरक्षणमा रहेका कमजोरीजस्ता कारण हुन सक्ने उहाँको भनाइ छ ।

प्रदेश अस्पताल बेनीले उपलब्ध गराएको तथ्याङ्कको अध्ययनले किशोरी आमाहरुमा स्वास्थ्यसम्बन्धी जोखिमसमेत उच्च रहेको देखाएको छ । २०८२ साउन १ गते देखि हाल सम्मको तथ्याङ्क अनुसार ७६ जना सुत्केरी भएकामध्ये ३० जनाको शल्यक्रिया गरेर बच्चा जन्माइएको थियो । विश्व स्वास्थ्य संगठनले बढीमा १५ प्रतिशत शल्यक्रिया हुन पर्छ भन्ने गरेको भए पनि किशोरी आमाहरूको दर ३९ दशमलव ५ प्रतिशत रहेको छ । कम उमेरमा बच्चा जन्माउने अवस्थाले गर्दा शल्यक्रियाको दरसमेत बढेको तथ्यांकले देखाएको प्रदेश अस्पताल बेनीका मेडिकल अधिकृत रामु सापकोटाको भनाई छ ।

प्रदेश अस्पतालका मेसु डा.बाँस्तोलाका अनुसार २० वर्ष भन्दा माथिल्लो उमेर पुगेका युवतीमा शल्यक्रियाको दर २९ दशमलव ४ प्रतिशत रहेकामा १८ वर्षमुनिका किशोरीमा यो दर ४० प्रतिशत देखिन्छ । अझ १५ वर्ष उमेरका सुत्केरीमध्ये ७५ प्रतिशतको शल्यक्रिया गर्नुपरेको उहाँको भनाई छ । कलिलो उमेरमा गर्भधारण गर्दा शरीर पूर्ण रुपमा परिपक्व नभइसकेका कारण गर्भावस्था र प्रसूतिको समयमा जटिलताको जोखिम बढ्न सक्छ । अध्ययनमा केही किशोरीलाई प्रसूतिको समयमा भ्याकुमको प्रयोग गर्नुपरेको तथा गर्भावस्थाको उच्च रक्तचाप, अत्यधिक रक्तस्राव र बच्चा उल्टो बसेका कारण आकस्मिक शल्यक्रिया गर्नुपरेका घटनाहरू अस्पतालले अभिलेख गरेको पाइएको छ । समग्रतामा हेर्दा अस्पतालमा जन्म भएका ७६ नवजात मध्ये १० जनाको तौल २ दशमलव ५ किलोग्रामभन्दा कम रहेको पाइएको छ ।

प्रदेश

बाँकी पाँचौं पृष्ठमा






सम्पादकीय

# ग्यासको पहुच

म्याग्दीमा खाना पकाउने एलपी ग्यासको आपूर्ति नियमित रहेको भनिए पनि उपभोक्ताले सहज रुपमा ग्यास नपाउने अवस्था सिर्जना हुनु सामान्य विषय होइन । बजारमा ग्यास छ, तर उपभोक्ताको पहुँचमा छैन भने त्यसलाई आपूर्ति सहज भएको मान्न सकिँदैन । यही विरोधाभास अन्त्य गर्न जिल्ला प्रशासन कार्यालयले व्यवसायी, उद्योग वाणिज्य संघ र सुरक्षा निकायसँग गरेको सर्वपक्षीय छलफल तथा निर्णय सकारात्मक कदम हो । अत्यावश्यक वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु, लुकाएर राख्नु, अस्वाभाविक मूल्य बढाउनु वा पहुँच र चिनजानका आधारमा बिक्री गर्नु उपभोक्तामाथिको अन्याय हो । ग्यासजस्तो दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको वस्तुमा यस्तो प्रवृत्तिले सर्वसाधारणलाई अनावश्यक दुःख मात्र दिँदैन, बजारप्रतिको विश्वाससमेत कमजोर बनाउँछ । प्रशासनले अब ग्यासको मौज्दात, बिक्री, मूल्य र उपभोक्ताको पहुँचसम्म निगरानी गर्ने निर्णय गर्नु स्वागतयोग्य छ । विशेषगरी ग्यास बिक्री गर्दा ज्येष्ठ नागरिक, अशक्त, विद्यार्थी, सुत्केरी र बिरामीलाई प्राथमिकता दिने तथा बिक्री भएका ग्राहकको विवरण अभिलेख राख्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन हुन सके पहुँचका आधारमा हुने अनियमितता घटाउन सकिन्छ ।

तर निर्णय कागजमा सीमित हुनु हुँदैन । बजारमा अनुगमन भयो कि भएन, व्यवसायीले अभिलेख राखे कि राखेनन् र तोकिएको मूल्यभन्दा बढी रकम लिइयो कि लिइएन भन्ने विषयमा नियमित अनुगमन आवश्यक छ । कालोबजारी भेटिएपछि मात्रै कारबाही गर्नेभन्दा सम्भावित समस्या पहिल्यै पहिचान गरी रोकथाम गर्ने प्रणाली अझ प्रभावकारी हुन्छ । यससँगै ग्यास आपूर्ति गर्ने कम्पनीहरुको जिम्मेवारी पनि उत्तिकै महत्वपूर्ण छ । जिल्लाको वास्तविक मागअनुसार नियमित आपूर्ति नगर्ने र आपूर्तिमा असमानता सिर्जना गर्ने प्रवृत्तिलाई पनि प्रशासनले गम्भीरतापूर्वक हेर्नुपर्छ । व्यवसायीलाई मात्र दोष दिएर समस्या समाधान हुँदैनन्; आपूर्तिकर्तादेखि बिक्री केन्द्रसम्मको सम्पूर्ण प्रणाली पारदर्शी हुनुपर्छ । अर्कोतर्फ उपभोक्ताको पनि जिम्मेवारी छ । अभावको हल्लाका आधारमा आवश्यकताभन्दा बढी ग्यास सञ्चय गर्ने प्रवृत्तिले बजारमा झन् कृत्रिम अभाव सिर्जना गर्न सक्छ । त्यसैले उपभोक्ताले पनि संयम अपनाउँदै वास्तविक आवश्यकता मात्र खरिद गर्नुपर्छ ।

ग्यासको सहज आपूर्ति कुनै सुविधा मात्र होइन, नागरिकको दैनिक जीवनसँग जोडिएको आधारभूत आवश्यकता हो । त्यसैले प्रशासनको निर्णयलाई तत्कालको समस्या समाधान गर्ने कदममा मात्र सीमित नराखी दीर्घकालीन, पारदर्शी र जवाफदेही आपूर्ति प्रणाली निर्माणतर्फ अघि बढाउन आवश्यक छ । कालोबजारी रोक्ने सबैभन्दा प्रभावकारी उपाय कडा निर्देशन मात्र होइन–नियमित आपूर्ति, पारदर्शी वितरण, प्रभावकारी अनुगमन र दोषीमाथि निष्पक्ष कारबाही हो । म्याग्दीमा अब यही चार आधारमा बजार व्यवस्थापन अघि बढ्नुपर्छ । ग्यासको सिलिन्डर पाउन उपभोक्ताले कसैको पहुँच खोज्नुपर्ने होइन, आफ्नो पालोमा सहज रुपमा किन्न पाउने अवस्था नै सुशासनको वास्तविक परीक्षा हो ।

# आस्था, प्रकृति र पर्यटनको संगम

## मालिका ३५ पर्यटकीय गन्तव्य

## गन्तव्य ६, निस्कोट बराह ताल

म्याग्दीको मालिका गाउँपालिका-१ निस्कोटमा समुद्र सतहदेखि २ हजार १ सय ८७ मिटरको उचाइमा अवस्थित बराह ताल पछिल्लो समय धार्मिक तथा पर्यटकीय गन्तव्यका रुपमा परिचित हुँदै गएको छ । प्रकृतिको सुन्दरता, धार्मिक आस्था, सांस्कृतिक विश्वास र स्थानीय जनजीवनसँग गहिरो सम्बन्ध जोडिएको यो ताल निस्कोटको मात्र नभई समग्र म्याग्दीको एउटा महत्वपूर्ण प्राकृतिक सम्पदाका रुपमा स्थापित हुने सम्भावना बोकेर बसेको छ । म्याग्दी सदरमुकाम बेनीदेखि करिब ३७ किलोमिटरको दूरीमा रहेको बराह ताल मालिका गाउँपालिकाको व्यापारिक केन्द्र दरवाङदेखि करिब १३ किलोमिटरको दूरीमा पर्छ । बेनीबाट दरवाङ हुँदै निस्कोट पुग्न सकिने भएकाले तालसम्म पुग्नका लागि सडकमार्गको सुविधा रहेको छ । दरवाङबाट निस्कोटतर्फ उकालो लागेपछि केही समयमै गाउँको प्राकृतिक सौन्दर्य, हरियाली डाँडाकाँडा र ग्रामीण जीवनको अनुभूति गर्दै बराह ताल क्षेत्रमा पुग्न सकिन्छ ।

तालसम्म जीप तथा मोटरसाइकलसमेत लैजान सकिने भएकाले पछिल्लो समय यहाँको पहुँच सहज बन्दै गएको छ । मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाका अनुसार बराह तालसम्म सवारीसाधन लैजान सकिने अवस्था रहेको छ । सडक पहुँचका कारण आन्तरिक पर्यटकका लागि तालसम्मको यात्रा पहिलेको तुलनामा सहज भएको उहाँ बताउनुहुन्छ । तर बराह तालको आकर्षण सडकको पहुँचमा मात्र सीमित छैन । यसको वास्तविक विशेषता तालसँग जोडिएको धार्मिक विश्वास, सांस्कृतिक परम्परा र प्रकृतिसँगको अनौठो सम्बन्धमा छ ।

स्थानीयको आँखामा बराह ताल एउटा जलाशय मात्र होइन, आस्थाको केन्द्र हो । तालको एक कुनामा बराह मन्दिर निर्माण गरिएको छ । हरेक वर्ष मंसिरमा यहाँ बराह पूजा गर्ने परम्परा छ । स्थानीयका अनुसार वर्षौंदेखि चलिआएको यस पूजाले ताल र स्थानीय समुदायबीचको सम्बन्धलाई अझ बलियो बनाएको छ । स्थानीय अगुवा पुरनबहादुर बराइलीका अनुसार विगतमा तालको पानी सुक्ने गरेको थियो । तर नियमित रुपमा मंसिरमा बराह पूजा गर्न थालेपछि पछिल्लो करिब २५ वर्षदेखि तालको पानी नसुकेको उहाँको अनुभव छ । "पहिला तालको पानी सुक्ने गरेको थियो । तर हरेक वर्ष मंसिरमा बराह पूजा गर्न थालेपछि करिब २५ वर्षदेखि पानी सुकेको छैन," बराइलीले भन्नुभयो । तालको पानी नसुक्ने विषय स्थानीयका लागि आज पनि कौतुहल र विश्वासको विषय बनेको छ । तालमा पानी आउने कुनै स्पष्ट मुहान देखिँदैन । त्यस्तै पानी बाहिर जाने निकास पनि छैन । सामान्यतया पानीको स्रोत र निकास नभएको अवस्थामा तालको पानीको सतह कसरी कायम रहन्छ भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । यही विशेषताले बराह तालप्रतिको स्थानीय जिज्ञासा र धार्मिक विश्वासलाई थप गहिरो बनाएको छ ।

तालमा पानीको स्रोत र निकास नदेखिए पनि पानी वर्षौंसम्म नसुक्नु आफैँमा अध्ययनको विषय बन्न सक्छ । भूगर्भीय संरचना, जमिनमुनिको पानीको प्रवाह, वर्षाको पानीको सञ्चय वा अन्य प्राकृतिक कारणबारे वैज्ञानिक अध्ययन हुन सके तालको वास्तविक प्रकृति अझ स्पष्ट हुन सक्छ । बराह तालको अर्को विशेषता यसको स्वच्छता र प्राकृतिक स्वरुपसँग जोडिएको छ । तालमा सामान्यतया पातपतिङ्गर तथा स्याउला थुप्रिएको देखिँदैन । ताल वरपर वनस्पति भए पनि पानीमा पातपातिङ्गर जमेर कुहिएको अवस्था देखिँदैन भन्ने स्थानीयको अनुभव छ । कसैले तालमा स्याउला वा पात फाले पनि केही समयपछि आफैं तालबाट हट्दै जाने स्थानीयहरु बताउँछन् । प्रकृतिमा रहेका अधिकांश पोखरी वा तालमा वरपरका रुखका पात, हाँगा तथा स्याउला पानीमा खस्ने र समयक्रममा जम्मा हुने गर्छन् । तर बराह तालमा त्यस्तो अवस्था नदेखिनु पनि यसको अर्को रहस्यमय विशेषताका रुपमा स्थानीयले लिने गरेका छन् । यस्ता विशेषता बोकेको ताललाई धार्मिक तथा सांस्कृतिक महत्वका दृष्टिले पनि निकै गहिरो रुपमा हेरिन्छ । स्थानीयको धार्मिक विश्वासमा बराह देवताको उपस्थितिसँग तालको सम्बन्ध जोडिएको छ । मंसिरमा हुने पूजा केवल धार्मिक कर्मकाण्ड मात्र नभएर स्थानीय समुदायलाई एउटै थलोमा जोड्ने सांस्कृतिक परम्परा पनि हो ।

बराह ताल आमा समूहकी अध्यक्ष भरिपा विकका अनुसार तालमा आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढिरहेको छ । धार्मिक आस्था र प्राकृतिक सौन्दर्यका कारण यहाँ आउने मानिसको संख्या बढ्न सक्ने भएकाले तालको संरक्षण र सम्बर्धनलाई प्राथमिकता दिनुपर्ने उहाँको भनाइ छ । "तालमा आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण छ । यसको धार्मिक र प्राकृतिक महत्वलाई जोगाउँदै संरक्षण र सम्बर्धन गर्न आवश्यक छ," विकले भन्नुभयो ।

बराह तालको धार्मिक महत्व जति गहिरो छ, पर्यटकीय सम्भावना पनि उत्तिकै फराकिलो छ । ताल वरपरको प्राकृतिक भूगोलले यहाँ पुग्ने पर्यटकलाई फरक अनुभूति दिन्छ । मौसम खुलेको समयमा टाढासम्म फैलिएका हिमशृङ्खलाको दृश्य देख्न सकिन्छ । हरिया डाँडा, खुला आकाश, गाउँबस्ती र शान्त वातावरणबीच रहेको तालले यस क्षेत्रको प्राकृतिक सौन्दर्यलाई थप आकर्षक बनाएको छ ।

निस्कोटका यामबहादुर पुन बराही ताललाई धार्मिक तथा पर्यटकीय महत्व बोकेको स्थानका रुपमा लिनुहुन्छ । उहाँका अनुसार बराह ताललाई पर्यटकीय मार्ग र गन्तव्यका रुपमा विकास गर्न सकिने पर्याप्त सम्भावना छ । "बराही ताल धार्मिक तथा पर्यटकीय महत्वको स्थान हो । यसलाई पर्यटकीय मार्ग र गन्तव्यका रुपमा लिन सकिन्छ । मौसम खुलेको समयमा यहाँबाट हिमशृङ्खलाको दृश्य देखिन्छ । ताल वरपरको प्राकृतिक दृश्यले

बाँकी पाँचौं पृष्ठमा



तस्बीर : खड्ग छन्याल

# हिमालको चर्चा मात्रै होइन, जोगाउने संकल्पका लागि जोमसोममा जलवायु सम्मेलन

**अमृत बास्कुने**

म्याग्दी हुँदै मुस्ताङ प्रवेश गर्ने जोमसोममा भदौ ३० र ३१ गते एउटा फरक प्रकृतिको सम्मेलन हुँदैछ । जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा देखिन थालेका असर, त्यसबाट उत्पन्न विपद् र बदलिँदो वातावरणीय अवस्थाबीच स्थानीय तहले खेल्नुपर्ने भूमिकामाथि केन्द्रित हुँदै घरपझोङ गाउँपालिकाले 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३' आयोजना गर्न लागेको हो । सम्मेलनका लागि देशभरका स्थानीय तहका प्रमुख तथा अध्यक्षलाई गाउँपालिकाले निमन्त्रणा गरेको छ । आयोजकका अनुसार देशका ७५३ वटै स्थानीय तहका प्रमुख तथा अध्यक्षलाई सहभागिताका लागि निमन्त्रणा गरिएकोमा हालसम्म ३४० स्थानीय तहले सम्मेलनमा आफ्नो सहभागिता रहने जानकारी गराइसकेका छन् । महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाका प्रमुख तथा अध्यक्षलाई एउटै थलोमा भेला गराएर जलवायु परिवर्तनले स्थानीय तहमा पारेका प्रभावबारे साझा धारणा बनाउने उद्देश्य रहेको गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले बताए ।

घरपझोङ गाउँपालिकाले सम्मेलनमा सहभागिताका लागि काठमाडौं, ललितपुर, पोखरा, भरतपुर, वीरगञ्ज र विराटनगर महानगरपालिकाका प्रमुखसहित ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिकाका प्रमुख तथा अध्यक्षलाई तथा सबै प्रदेशका वातावरण हेर्ने मन्त्री तथा सम्बन्धित निकायलाई समेत सहभागिताका लागि पत्राचार गरिएको छ । गाउँपालिका अध्यक्ष लालचनका अनुसार सम्मेलनको उद्घाटनका लागि प्रधानमन्त्रीलाई निमन्त्रणा गरिएको र प्रधानमन्त्रीको सहभागिता सम्भव नभएकोले वातावरणमन्त्रीलाई प्रमुख अतिथि बनाउने गरी तयारी भइरहेको छ ।

**हिमालमा देखिएको परिवर्तनको कथा :** जलवायु परिवर्तनको चर्चा अब केवल वातावरणविद् वा वैज्ञानिकको विषय नभएर हिमाली बस्तीका मानिसले आफ्नै आँखाले वातावरणमा आएको परिवर्तन अनुभव गर्न थालेका छन् । हिमनदी पग्लिने क्रम बढ्नु, हिमताल र हिमाली जलस्रोतमा परिवर्तन आउनु, हिमपहिरो तथा पहिरोको जोखिम बढ्नु, असामान्य वर्षा हुनु, बाढी आउने स्वरुपमा परिवर्तन हुनु र परम्परागत मौसम चक्रमा फेरबदल देखिनुले हिमाली जीवनमा प्रत्यक्ष असर पारेको छ ।

घरपझोङ गाउँपालिकाले सम्मेलनका लागि तयार पारेको अवधारणामा पनि विश्वव्यापी रुपमा भइरहेको जलवायु परिवर्तनका कारण नेपालको हिमाली क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष असर देखिएको उल्लेख गरिएको छ । हिमनदी पग्लिने दर बढ्दै जाँदा हिमालको प्राकृतिक सन्तुलन बिग्रिरहेको, हिमनदी पग्लिएर बनेका हिमताल तथा पानीका स्रोतका कारण जोखिम बढिरहेको र मौसमसम्बन्धी पुराना अनुमान तथा मौसमी चक्रमा समेत परिवर्तन आएको हुनाले सम्मेलन गर्न आवश्यकता गाउँपालिकाले ठानेको अध्यक्ष लालचनको भनाइ छ । यसको असर केवल हिमालमा मात्र सीमित छैन । खानेपानी र सिँचाइका स्रोतमा अस्थिरता, जैविक विविधतामा परिवर्तन, हिमाली वनस्पति तथा वन्यजन्तुको बासस्थानमा असर र कृषि, पशुपालन तथा पर्यटनमा प्रत्यक्ष प्रभाव देखिन थालेको पनि उनले सुनाए । हिमाली क्षेत्रमा बसोबास गर्ने मानिसका लागि जलवायु परिवर्तन कुनै टाढाको विषय होइन । उनीहरुको खेतीपाती, पशुपालन, पर्यटन व्यवसायदेखि दैनिक जीवनसम्म यसले प्रभाव पारिरहेको छ । यही वास्तविकतालाई केन्द्रमा राखेर सम्मेलन गर्न लागिएको घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले बताए । "जोमसोममा हुने यो सम्मेलनले एउटा फरक र महत्वपूर्ण सन्देश दिनेछ," अध्यक्ष लालचनले भने, "सम्मेलनको तयारीमा कुनै कसर बाँकी राखिने छैन ।"

**भोटेकोसीको विपत्तिबाट पनि सिकाइ खोजिने :** यसपटकको सम्मेलनमा हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण बढ्दै गएको विपद्को विषय अझ गम्भीर रुपमा उठाउने तयारी छ । पछिल्लो समय भोटेकोसी क्षेत्रमा आएको ठूलो बाढीले पुर्‍याएको क्षति पनि सम्मेलनको छलफलको महत्वपूर्ण विषय बन्नेछ । हिमाली क्षेत्रमा अचानक आउने बाढी, पहिरो र अन्य प्राकृतिक विपद्का घटना किन बढिरहेका छन्, यस्ता विपद्का कारण के हुन् र आगामी दिनमा स्थानीय तहले कसरी तयारी गर्ने भन्ने विषयमा सम्मेलनमा छलफल गरिने आयोजकले जनाएको छ ।

विश्वका औद्योगिक तथा विकसित मुलुकबाट हुने ठूलो परिमाणको कार्बन उत्सर्जनको असर नेपालजस्ता न्यून कार्बन उत्सर्जन गर्ने हिमाली मुलुकले भोग्नुपरेको विषय पनि सम्मेलनमा उठाइनेछ । नेपालको योगदान विश्वव्यापी कार्बन उत्सर्जनमा अत्यन्त न्यून भए पनि जलवायु परिवर्तनको असर भने हिमालदेखि पहाड र तराईसम्म भोगिरहेको अवस्था छ । त्यसैले जलवायु न्याय, अनुकूलन, क्षति तथा नोक्सानी र स्थानीय तहको भूमिकाका विषयमा सम्मेलनले साझा आवाज निर्माण गर्ने अपेक्षा गरिएको गाउँपालिका अध्यक्षले लालचनले सुनाए ।

**हिमाल जोगाउने कसरी? भन्ने प्रश्न :** घरपझोङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमकुमार बस्नेतका अनुसार सम्मेलनको उद्देश्य हिमालका समस्या गन्ने र चर्चा गर्ने मात्र होइन, हिमाल जोगाउने उपायबारे समेत गम्भीर छलफल गर्नु हो । "गाउँपालिकाले हिमालको चर्चा मात्र गर्ने होइन, हिमाललाई जोगाउने कसरी भन्ने सन्दर्भमा पनि छलफल गर्नेछ," बस्नेतले भने । उनका अनुसार सम्मेलनमा जलवायु परिवर्तनका कारण स्थानीय तहमा सिर्जित समस्या, चुनौती र अवसर पहिचान गरी अनुकूलन तथा न्यूनीकरणका उपाय र रणनीतिबारे छलफल हुनेछ । यसका लागि स्थानीय तहका जनप्रतिनिधि, वातावरण तथा जलवायु क्षेत्रका विज्ञ, सम्बन्धित निकाय र सरोकारवालाबीच प्रत्यक्ष छलफल गराउने तयारी छ । जलवायु परिवर्तनको असर एउटै स्थानीय तहको सीमाभित्र सीमित नहुने भएकाले साझा समस्या समाधानका लागि स्थानीय तहबीच सहकार्य आवश्यक रहेको छ ।

**कालीगण्डकीको तटमा घरपझोङ घोषणापत्र :** सम्मेलन केवल छलफल गरेर सकिने कार्यक्रम नबनाउने आयोजकको तयारी छ । मुस्ताङको कालीगण्डकी नदीको तट, मुक्तिनाथ भगवान् र नीलगिरी हिमालको काखमा बसेर जलवायु परिवर्तनका विषयमा छलफल गर्दै 'जलवायु परिवर्तनसम्बन्धी घरपझोङ घोषणापत्र, २०८३' जारी गर्ने तयारी गरिएको छ । देशभरका स्थानीय तहबाट आएका जनप्रतिनिधिहरुले आ-आफ्ना क्षेत्रमा जलवायु परिवर्तनका कारण देखिएका समस्या र त्यससँग जुध्न गरिएका प्रयासका अनुभव सम्मेलनमा राख्नेछन् । ती अनुभव र छलफलबाट साझा धारणा निर्माण गरी घोषणापत्रमार्फत सरकार तथा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउने आयोजकको लक्ष्य छ ।

गाउँपालिकाले तयार पारेको निमन्त्रणापत्रमा समेत सम्मेलनलाई एकीकृत आवाज र संयुक्त ऐक्यबद्धतामार्फत नेपाल सरकार तथा अन्तर ष्ट्रिय समुदायको ध्यानाकर्षण गराउने उद्देश्यले आयोजना गर्न लागिएको उल्लेख छ । यसले सम्मेलनलाई स्थानीय तहको सामान्य कार्यक्रमभन्दा माथि उठाएर राष्ट्रिय तथा अन्तर ष्ट्रिय बहसमा हिमाली क्षेत्रका सवाललाई जोड्ने प्रयासका रुपमा हेरिएको छ ।

**३४० स्थानीय तहको सहभागिता सुनिश्चित :** सम्मेलनको तयारी अघि बढिरहँदा देशभरका स्थानीय तहबाट उत्साहजनक प्रतिक्रिया प्राप्त भइरहेको आयोजकले जनाएको छ । सम्मेलनमा आयोजक बाहेक ३५२ स्थानीय तहले आफ्नो सहभागिता रहने जानकारी गराइसकेका छन् । सहभागी जनप्रतिनिधिको संख्या बढ्ने क्रम जारी रहेको गाउँपालिकाका सूचना अधिकारी विकास सञ्ज्यालले बताए । स्थानीय तहका प्रमुख तथा अध्यक्षहरुलाई लक्षित गरी आयोजना गरिएको सम्मेलनमा उनीहरुका लागि आवास, भोजन तथा आवश्यक व्यवस्थापनको तयारीसमेत तिब्र गतिमा अघि बढाइएको उनले बताए ।

आयोजकले सहभागी हुने स्थानीय तहबाट प्रतिनिधिको नामावली उपलब्ध गराउन आग्रह गरेको छ । नामदर्ताको प्रक्रिया मंगलबारसम्म पूरा भएपछि होटल तथा अन्य व्यवस्थापनलाई अन्तिम रुप दिने तयारी गरिएको प्रमुख प्रशासकीय अधिकृत बस्नेतले बताए । "प्रशासनिकतर्फबाट आवश्यक सबै तयारी गरिएको छ । मंगलबारसम्म नामदर्ता सकिएपछि होटल व्यवस्थापनलगायतका काम अघि बढाइनेछ । त्यसका लागि आवश्यक तयारी लगभग पूरा भइसकेको छ," बस्नेतले भने ।

**दुई दिन जोमसोममा जलवायु बहस :** सम्मेलन भदौ ३० र ३१ गते जोमसोमस्थित घरपझोङ गाउँपालिका-४ मा रहेको जोमसोम कम्युनिटी हलमा आयोजना हुँदैछ । सम्मेलन बिहान ८ बजेदेखि सुरू हुने आयोजकले जनाएको छ । देशका विभिन्न भूगोलबाट आउने स्थानीय तहका जनप्रतिनिधिले दुई दिनसम्म जोमसोममा रहेर जलवायु परिवर्तनका विषयमा छलफल गर्नेछन् ।

मुस्ताङ आफैंमा जलवायु परिवर्तनको प्रभावलाई नजिकबाट अनुभव गरिरहेको हिमाली जिल्ला हो । यहाँको हिमाली वातावरण, जलस्रोत, कृषि, पशुपालन तथा पर्यटनमा आएको परिवर्तनलाई सम्मेलनका छलफलसँग जोडेर हेर्न सकिनेछ । त्यसैले सम्मेलनका लागि जोमसोम रोजिनु आफैंमा अर्थपूर्ण रहेको स्थानीयको बुझाइ छ ।

**स्थानीय अनुभवलाई राष्ट्रिय बहससँग जोड्ने प्रयास :** जलवायु परिवर्तनका विषयमा नेपालमा विभिन्न समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सम्मेलन हुँदै आएका छन् । तर स्थानीय तहमा दैनिक रुपमा देखिएका समस्या र त्यससँग जुध्न स्थानीय सरकारले गरिरहेका प्रयासहरु त्यस्ता बहसमा पर्याप्त रुपमा समेटिन नसकेको गुनासो पनि सुनिन्छ । घरपझोङ सम्मेलनले भने स्थानीय तहलाई नै केन्द्रमा राख्ने प्रयास गरेको अध्यक्ष लालचनको बुझाई छ ।

कुनै हिमाली गाउँमा खानेपानीको मुहान सुक्दै गएको हुन सक्छ । कतै हिमपहिरोको जोखिम बढेको हुन सक्छ । कतै खेती गर्ने समय फेरिएको हुन सक्छ । कतै परम्परागत पशुपालन प्रभावित भएको हुन सक्छ । कतै पर्यटकीय क्षेत्रमै मौसमको अनिश्चितताले असर पारेको हुन सक्छ । यी सबै समस्या फरक देखिए पनि तिनको साझा सम्बन्ध जलवायु परिवर्तनसँग जोडिएको हुन । सम्मेलनले यस्ता स्थानीय अनुभवलाई एउटै मञ्चमा ल्याएर समाधानका साझा उपाय खोज्ने अवसर दिनेछ ।

**हिमाल बचाउने जिम्मेवारी कसको?** : जलवायु परिवर्तनको असरबारे बहस गर्दा प्रायः एउटा प्रश्न उठ्छ–हिमाल जोगाउने जिम्मेवारी कसको? जलवायु परिवर्तन विश्वव्यापी समस्या भए पनि यसको असर स्थानीय स्तरमै महसुस हुन्छ । त्यसैले समाधानका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धतासँगै स्थानीय तहको तयारी पनि उत्तिकै आवश्यक हुन्छ । स्थानीय तहले वातावरण संरक्षण, वन तथा जलाधार संरक्षण, विपद् पूर्वतयारी, सुरक्षित बस्ती विकास, जलस्रोत संरक्षण, दिगो पर्यटन, कृषि अनुकूलन र स्थानीय जनतालाई सचेत बनाउने काममा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । यही कारण देशभरका ७५३ स्थानीय तहका प्रमुख तथा अध्यक्षलाई एउटै थलोमा बोलाउने प्रयासले सम्मेलनको महत्व थप बढाएको प्रमुख प्रशासकिय अधिकृत बस्नेतको भनाइ छ ।

**एउटा सम्मेलन, ठूलो अपेक्षा** : घरपझोङ गाउँपालिकाका लागि यो सम्मेलन आयोजना गर्नु आफैंमा ठूलो चुनौती हो । देशका विभिन्न भागबाट सयौं जनप्रतिनिधि जोमसोममा भेला हुने भएकाले आवास, यातायात, भोजन, सुरक्षा, सञ्चारलगायतका व्यवस्थापनलाई पनि उत्तिकै ध्यान दिनुपर्नेछ । तर आयोजक भने सम्मेलनबाट प्राप्त हुने उपलब्धिलाई व्यवस्थापनको चुनौतीभन्दा ठूलो मानेर अघि बढेको छ । अध्यक्ष लालचनले सम्मेलनलाई केवल औपचारिक कार्यक्रमका रुपमा नलिई परिणाममुखी बनाउने प्रयास भइरहेको बताउनुभएको छ ।

मुस्ताङको हिमाललाई पृष्ठभूमिमा राखेर आयोजना हुने सम्मेलनले देशका स्थानीय सरकारलाई एउटै प्रश्नमा उभ्याउनेछ जलवायु परिवर्तनको असर बढ्दै जाँदा अब स्थानीय तहले के गर्ने? भोटेकोसीजस्ता विपद्का घटनाबाट के सिक्ने? हिमनदी र जलस्रोत कसरी जोगाउने? हिमाली बस्तीलाई कसरी सुरक्षित बनाउने? कृषि र पशुपालनलाई बदलिँदो मौसमअनुकूल कसरी बनाउने? पर्यटनलाई वातावरणमैत्री कसरी बनाउने? र सबैभन्दा महत्वपूर्ण, जलवायु परिवर्तनमा नेपालको न्यून योगदान भए पनि नेपालले भोगिरहेको क्षति र जोखिमबारे विश्व समुदायलाई कसरी सुनाउने? यी प्रश्नको उत्तर खोज्ने प्रयास नै जोमसोममा हुने सम्मेलनको मुख्य उद्देश्य बन्नेछ ।

कालीगण्डकीको तटमा, मुक्तिनाथ र नीलगिरी हिमालको काखमा देशभरका स्थानीय तहका जनप्रतिनिधि भेला भएर जारी गर्ने घोषणापत्रले कागजमा मात्र सीमित नभई आगामी दिनको नीति र व्यवहारमा समेत प्रभाव पार्न सक्यो भने सम्मेलनको सार्थकता थप बढ्नेछ ।

हिमालको सौन्दर्य हेर्न जोमसोम पुग्ने पर्यटकका लागि मात्रै होइन, हिमालको भविष्यबारे चिन्ता गर्ने जनप्रतिनिधि र सरोकारवालाका लागि पनि आगामी भदौ ३० र ३१ गतेको जोमसोम महत्वपूर्ण गन्तव्य बन्ने तयारीमा छ । किनभने यसपटक जोमसोममा हिमालको सुन्दरता हेर्ने मात्रै होइन, बदलिँदो हिमालको पीडा सुन्ने र त्यसलाई जोगाउने बाटो खोज्ने तयारी हुँदैछ ।

सम्मेलनका लागि हाल सम्मको अपडेट अनुसार ३४० पालिकाले आफ्नो सहभागिता सुनिश्चित गरेको भए पनि एक हजार देखि १५ सय जना जोमसोममा आइपुग्ने लालचनले सुनाए । उनका अनुसार सम्मेलन मात्रै नभएर यसले देश भित्र मात्रै नभएर सर्वत्र सन्देश र चासो बढाउने अपेक्षा छ ।



# रघुगंगा ७ को मलाङ पहिरोले हरेक वर्ष तीन महिना रोकिन्छ

हिमाली जिल्ला म्याग्दीको रघुगंगा गाउँपालिका–७ मलाङमा पहिरोका कारण अवरुद्ध भएको सडक तीन महिना हुँदा पनि सडक खुल्न सकेको छैन । गएको जेठ १९ गतेदेखि पहिरो सुरुभए पछि अवरुद्ध भएको सडक अहिले सम्म पनि खुलेको छैन । लामो समयदेखि सडक सञ्चालनमा नआउँदा स्थानीयवासीलाई दैनिक आवतजावतदेखि खाद्यान्न तथा अन्य आवश्यक सामग्री ढुवानीमा समेत समस्या भएको छ ।

जेठमा पहिरो झर्न थालेपछि केही समय पहिरो पन्छाएर सडक सञ्चालन गर्ने प्रयास गरीए पनि ठुलो पहिरोले दुई सय मिटर सडक नै बगाए पछि भने सडक पूर्ण रुपमा अवरुद्ध भएको रघुगंगा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताए । मलाङमा सडक बन्द भएपछि स्थानीयवासी पहिरोबाटै जोखिम मोलेर यात्रा गर्ने गरेका छन् । पहिरो पार गरेर रघुगंगा गाउँपालिका–७ का केही बस्तीका साथै वडा नम्बर ८ का सबै बस्ती तथा त्यस क्षेत्रमा निर्माणधिन तीन वटा जलविद्यूत आयोजनामा पुग्नुपर्ने भएकाले स्थानीय तथा जलविद्युत कम्पनिको दैनिकी नै प्रभावित भएको छ ।

पहिरोले गर्दा बिरामी, वृद्धवृद्धा, बालबालिका तथा अत्यावश्यक कामका लागि आवतजावत गर्नुपर्ने नागरिकलाई समस्या भएको रघुगंगा गाउँपालिका–७ का वडा अध्यक्ष थकबहादुर पाइजाको भनाई छ । उनका अनुसार सडक अवरुद्ध हुँदा गाउँमा उत्पादित कृषि उपज बजारसम्म पुर्‍याउन र दैनिक उपभोग्य सामग्री गाउँसम्म लैजानसमेत समस्या भएको छ । “हरेक वर्ष पहिरो जान्छ र करिब तीन महिना सडक पूर्ण रुपमा रोकिन्छ,” वडा अध्यक्ष पाइजाले भन्नुभयो, “गत वर्ष पनि सय दिनभन्दा बढी सडक अवरुद्ध भएको थियो । यस वर्ष पनि जेठको तेस्रो सातादेखि नै पहिरो खस्न थालेपछि समस्या सुरु भएको हो ।”

जिल्ला प्रहरी कार्यालय म्याग्दीका सूचना अधिकारी सागर तिमिल्सिनाका अनुसार सडक खुलाउने प्रयास हुँदै आए पनि पहिरोको भूगोल जोखिमयुक्त हुनुका साथै वर्षायाममा लगातार पहिरो झर्ने भएकाले सडक सञ्चालनमा ल्याउन कठिनाइ भएको हो । “सडक खुलाउने प्रयास गरिएको हो, तर भूगोल नै जोखिमयुक्त छ । वर्षामा माथिबाट पहिरो निरन्तर झर्ने भएकाले सफा गरेर पनि तत्काल पुनः अवरुद्ध हुने अवस्था छ,” तिमिल्सिनाले भने ।



रघुगंगा गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीका अनुसार सडक खुलाउन त्यस क्षेत्रमा निर्माणाधीन चारवटा जलविद्युत आयोजनालाई पत्राचार गरिएको छ । सडकको अवस्थाका कारण आयोजना निर्माणका लागि आवश्यक सामग्रीसमेत ढुवानी हुन नसकेको जानकारी आयोजनाका प्रतिनिधिहरुबाट प्राप्त भएपछि गाउँपालिकाले उनीहरुलाई छलफलका लागि बोलाएको उनले बताए । पहिरोका कारण सडक बन्द हुँदा निर्माणाधीन जलविद्युत आयोजनासमेत प्रभावित भएका छन् । सडक अवरुद्ध भएपछि आयोजनाका लागि आवश्यक निर्माण सामग्री तथा अन्य सामान ढुवानी गर्न समस्या भएको गाउँपालिकाले जनाएको छ ।

“जेठदेखि नै सडक अवरुद्ध छ। खुलाउने प्रयास पनि भइरहेको हो। तर करिब दुई सय मिटर चौडा पहिरो भएकाले एकैपटक हटाएर सडक सञ्चालन गर्न कठिन भएको छ,” अध्यक्ष भण्डारीले भने। “आयोजनाहरुलाई पनि सडक आवश्यक छ । उहाँहरुका लागि पनि सामान ढुवानी हुन सकेको छैन । त्यसैले सबै पक्षसँग छलफल गरेर अब चाँडै सडक खोल्ने प्रयास गरिनेछ,” अध्यक्ष भण्डारीले भने ।

मलाङको पहिरो हरेक वर्ष वर्षायाम सुरु भएसँगै पहिरो खस्ने र सडक बन्द हुने क्रम दोहोरिँदा स्थानीयवासीले वर्षौंदेखि सास्ती खेप्दै आएका छन् । सामान्य रुपमा केही दिन वा केही साताका लागि सडक बन्द हुनु एउटा समस्या भए पनि वर्षेनी तीन महिनासम्म सडक बन्द हुनुका कारण यहाँका बासिन्दाको दैनिक जीवन, शिक्षा, स्वास्थ्य, कृषि र व्यापारसमेत प्रभावित हुँदै आएको छ ।

स्थानीयका लागि अहिलेको मुख्य आवश्यकता सडक तत्काल सञ्चालनमा ल्याउनु रहेको ७ नम्बर वडा अध्यक्ष पाइजाको भनाइ छ । तर पहिरोको आकार र जोखिम हेर्दा केवल माटो पन्छाएर सडक खोल्ने प्रयासले मात्रै समस्या समाधान नहुने देखिन्छ । हरेक वर्ष उही स्थानमा पहिरो जाने भएकाले पहिरो नियन्त्रण तथा सडकको दीर्घकालीन सुरक्षाका लागि प्राविधिक अध्ययनसहित स्थायी समाधान खोज्नुपर्ने उनको भनाइ छ । महिनौंदेखि सडक अवरुद्ध हुँदा मलाङ हुँदै आवतजावत गर्ने सर्वसाधारण अहिले पनि पहिरो पार गर्न जोखिम मोलिरहेका छन् । सम्बन्धित निकाय, गाउँपालिका र जलविद्युत आयोजनाहरुबीच समन्वय गरेर तत्काल सडक सञ्चालनमा ल्याउन आवश्यक छ ।

# साप्ताहिक राशीफल




## मिति :- २०८३।०५।२६ देखि २०८३।०६।०२

**मेष** - Aries **चु, चे, चो, ला, लि, लु, ले, लो, अ**
सुरुमा सहयोगीहरुको साथ जुट्नाले काम बन्नेछ। प्रतिस्पर्धामा अग्रस्थान हासिल गर्न सकिनेछ। प्रतिद्वन्द्वीहरुले सम्झौताको ढोका खोल्नेछन्। प्रारम्भ उत्साहपूर्ण देखिए पनि बीचमा केही व्यवधान देखापर्नेछन्। बेसुरमा निर्णय लिने बानीले समस्या निम्त्याउनेछ। काम बिग्रने डरले सताउन सक्छ। आफ्नाले धोका दिनेछन् भने नजिकका साथीभाइसँग दूरी बढ्नेछ। साइनो–सञ्जालबाट टाढा रहँदा राम्रो हुनेछ। साताको अन्त्यमा परिस्थिति अनुकूल बन्दै जानेछ। पहिलेका कमजोरी सच्याउन सकिनेछ। गुरुजनको प्रेरणाले अध्ययनमा हौसला मिल्नेछ।

**वृष** - Taurus **इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**
प्रारम्भमा विवादले समस्या निम्त्याउन सक्छ। बोली–व्यवहारमा होस पुर्याउनुहोला। हठात् निर्णय गर्दा काम बिग्रन सक्छ। सोमवारपछि स्थितिमा सुधार आउनेछ। जुझारु कार्यशैलीले प्रतिस्पर्धीहरु पछि पर्नेछन्। पुरुषार्थी कामले धन र मानसमेत दिलाउनेछ। सहयोगीहरु जुट्नाले महत्वपूर्ण काम बनाउन सकिनेछ। बुधवारपछि भने परिबन्धले केही चुनौती निम्त्याउन सक्छ। ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ। अरुका विषयमा चासो लिँदा व्यर्थैमा झमेला बेहोर्नुपर्ला। स्वास्थ्यमा पनि केही कमजोरी अनुभूति हुनेछ।

**मिथुन** - Gemini **का, कि, कु, घ, ङ, छ, के, को, हा**
कामना पूर्ण हुनेछ र लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। नयाँ कामतर्फ विशेष अवसर प्राप्त हुनेछ। पहिलेको सफलताले पनि हौसला जगाउनेछ। सोम, मंगल र बुधवार महत्वकांक्षाले समस्या निम्त्याउन सक्छ। बेसुरमा वचन दिने बानीले पनि दुःख पाइनेछ। वादविवादले मानसम्मानमा आघात पुर्याउन सक्छ, सजग रहनुहोला। मिहिनेतीहरुका लागि सप्ताहान्त उत्साहजनक रहनेछ। विभिन्न उपहार तथा सुविधाका वस्तुहरु प्राप्त हुनेछन्। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ।

**कर्कट** - Cancer **हि, हु, हे, हो, डा, डि, डु, डे, डो**
प्रारम्भमा केही दौडधुपका साथ काममा जुट्नुपर्ला। खर्च बढ्नुका साथै आम्दानीमा कमी आउन सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयास गर्नुहोला। सामेवारपछि स्थितिमा सुधार आउनाले प्रतिष्ठित काम गर्न सकिनेछ। विशेष जमघटले फाइदा दिलाउनेछ। रचनात्मक कामले धेरैलाई आकर्षित गर्न सकिनेछ। साथीभाइको सहयोगले विशेष जिम्मेवारी प्राप्त हुन सक्छ। तर, बुधवारपछि घरखर्च बढ्नेछ। भौतिक साधनको कमीले पनि अप्ठ्यारो पर्न सक्छ। अरुको बहकाउमा परिनाले काम बिग्रन सक्छ, वादविवादमा अघि नसर्नुहोला।

**सिंह** - Leo **मा, मि, मु, मे, मो, टा, टि, टु, टे**
प्रारम्भमा श्रमअनुसार राम्रै फल प्राप्त हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ। व्यवसायमा मनग्य लाभ हुनेछ। सोमवारपछि धन बाहिरिनाले अर्थ अभाव देखापर्न सक्छ। परिवारजनबाट टाढिनुपर्ने स्थिति आउन सक्छ। तापनि प्रयत्न गर्दा यात्रा गर्ने साइत जुर्न सक्छ। साथीभाइ टाढिए पनि शुभचिन्तक भेटिनेछन्। बुधवारपछि अध्ययनमा प्रगति हुनेछ। स्वादिष्ट भोजन, उपहार र मानसम्मानको भागीदार भइनेछ। सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्याउनेछ।

**कन्या** - Virgo **टो, पा, पि, पु, ष, ण, ठ, पे, पो**
प्रारम्भमा एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। आफन्त र साथीभाइबाट काममा सहयोग मिल्नेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। पदासीन व्यक्तिसँग निकटता बढ्नेछ। लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ। आम्दानीका स्रोतहरु बढ्नेछन् भने मनग्य धन संग्रह हुनेछ। पछिसम्म फाइदा हुने काम सुरु गर्ने अवसर प्राप्त हुनेछ। तर बुधवारपछि आम्दानी रोकिनेछ र फजुल खर्च पनि बढ्नेछ। ऋणभार समेत बढ्न सक्छ। समयमा होसियार नबन्दा काममा बाधा पुग्नेछ। प्रयत्न गर्दा यात्राको अवसर जुट्न सक्छ।

**तुला** - Libra **रा, रि, रू, रे, रो, ता, ति, तु, ते**
प्रारम्भमा सामाजिक समस्या सुल्झाउने जिम्मेवारी आउन सक्छ। स्वास्थ्य कमजोर रहनेछ भने अरुको मुख ताक्नाले काम रोकिनेछ। साथीभाइ टाढिनेछन्। मंगलवारदेखि स्थितिमा सुधार आउनाले नयाँ काम प्रारम्भ हुनेछ। नोकरी र व्यवसायमा प्रगति हुनेछ। तारिफयोग्य काम बन्नाले यशको भागीदार समेत भइनेछ। बिहीवारपछि आयस्रोत सबल देखिनेछ तर मिहिनेतको फल अरुले हत्याउने चेष्टा गर्नेछन्। खर्चिलो काम थाल्नाले बीचमा केही समस्या पर्न सक्छ। फजुल खर्च पनि बढ्नेछ। प्रयत्न गर्दा कर्जामार्फत धन जुटाउन सकिनेछ।

**बृश्चिक** - Scorpio **तो, ना, नि, नु, ने, नो, या, यि, यु**
प्रारम्भमा स्वास्थ्य कमजोर रहे पनि मिहिनेत गर्दा सफलताको सूत्र पत्ता लगाउन सकिनेछ। समस्या दर्साउँदै सहयोगीहरु जुट्नेछन् र काम सफल हुनेछ। तर सामाजिक कामले वादविवाद निम्त्याउन सक्छ। मंगलवार र बुधवार अरुको स्वार्थमा उपयोग भइने सम्भावना छ। आफ्ना कमजोरीको फाइदा उठाउनेहरु सक्रिय हुनेछन्। तापनि समुदायको हक हितको संरक्षण गर्न सकिनेछ। सप्ताहान्तमा नाम, दाम र इनाम हात पार्ने समय छ। कामले आफ्नो प्रसिद्धि पनि बढ्नेछ। आम्दानीको स्रोत सबल बन्नेछ। दिगो फाइदा हुने काम सुरूआत हुनेछ।

**धनु** - Sagittarius **ये, यो, भा, भि, भु, धा, फा, ढा, भे**
प्रियभेटले साताको प्रारम्भ रमाइलो रहनेछ। तारिफयोग्य काम सम्पादन हुनाले नाम, दाम र इनाम प्राप्त गर्न सकिनेछ। विशेष उपहारका साथ प्रेमको प्रस्ताव प्राप्त हुन सक्छ। सोमवारपछि भने समस्यासँग जुध्नुपर्ला। स्वास्थ्य कमजोर रहनाले काममा पनि पछि परिनेछ। हुलमुलका बेला धनमाल सुरक्षामा ध्यान दिनुहोला। आफन्तसँग मनमोटाव बढ्नेछ र काम बिग्रने डरले पिरोल्न सक्छ। तापनि मिहिनेत गर्दा सफलताको सूत्र पत्ता लगाउन सकिनेछ। समस्या दर्साउँदा केही सहयोगीहरु जुट्नेछन्। सप्ताहान्तमा अप्ठ्यारो स्थिति सुल्झाउन सकिनेछ।

**मकर** - Capricorn **भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि**
प्रारम्भमा पुरुषार्थी काम बन्नाले जोश–जाँगर बढ्नेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउनेछ भने आँटले लक्ष्यमा पुर्याउन सक्छ। भौतिक साधन जुट्नुका साथै दिगो काम प्रारम्भ हुनेछ। मित्रता र प्रेमको बन्धन पनि कसिलो हुनेछ। व्यापारका सन्दर्भमा रमाइलो यात्रा गर्ने साइत जुर्न सक्छ। अर्थलाभ हुनाले भौतिक साधन जुटाउन सकिनेछ। बुधवारपछि भने स्वास्थ्यमा समस्या आउन सक्छ। आफ्नो क्षेत्राधिकार संकुचित बन्न सक्छ। अधिकार र प्रतिष्ठा जोगाउन गोपनीयतामा ध्यान पुर्याउनुहोला। आम्दानी कम भए पनि उपलब्धि जोगाउन सकिनेछ।

**कुम्भ** - Aquarius **गु, गे, गो, सा, सि, सु, से, सो, द**
सुरुमा पेटको मौसमी गडबडीले सताउन सक्छ, खानपानमा सजग रहनुहोला। काम अड्किनाले व्यावहारिक चुनौती देखिएला। मंगलवारदेखि स्थितिमा सुधार आउनुका साथै चुनौतीहरु स्वतः सुल्झनेछन्। रोकिएको काम सम्पादन हुनेछ। प्रतिस्पर्धाले थप उचाइमा पुर्याउन सक्छ। आँटले काम लिन सकिनेछ। आम्दानीको दिगो स्रोत जुट्न सक्छ। प्रतिभाद्वारा धेरैलाई उछिन्न सकिनेछ। व्यापार र उद्योगमा फाइदा हुनेछ। मन मिल्ने साथी भेटिनुका साथै यात्राको साइत जुर्न सक्छ। आतिथ्यपूर्ण सम्मान पाइनेछ। सप्ताहान्तमा स्वास्थ्य कमजोर हुने देखिन्छ।

**मीन** - Pisces **दि, दु, थ, झ, ञ, दे, दो, चा, चि**
सुरुमा पारिवारिक उल्झनले काममा बाधा पुग्नेछ। साइनो गाँस्नेहरुले केही दुःख दिन सक्छन्। स्वास्थ्य चिन्ताले सताउनेछ भने पढाइमा पनि लक्ष्य प्राप्त नहुन सक्छ। चुनौतीपूर्ण कामको जिम्मेवारी एक्लै वहन गर्नुपर्ने हुन सक्छ। उत्तरार्द्धमा स्थितिमा सुधार आउनाले कामका बाधाहरु क्रमशः हट्नेछन्। प्रतिस्पर्धीहरुले हार खानेछन् र सफलताले उत्साह जगाउनेछ। मिहिनेत गर्दा गुमेको अवसर पुनः प्राप्त हुनेछ। कामका सन्दर्भमा रमाइलो यात्राको साइत जुर्नेछ। बुधवारदेखि कर्मगतिले उचाइ लिनेछ। व्यापारमा विशेष फाइदा हुनेछ।

## आस्था .....

समेत सबैलाई मोहित बनाउँछ," पुनले भन्नुभयो ।

बराह तालको प्राकृतिक सौन्दर्यमा हिउँदमा आउने पाहुना चराहरुले समेत थप रौनक ल्याउने गरेका छन् । स्थानीयका अनुसार हिउँद लागेपछि कतैबाट हाँस तालमा आउने गर्छन् । केही दिन तालमा बसेपछि ती हाँस फेरि अन्यत्र जाने गर्छन् । स्थानीयका लागि यी चराहरु तालका पाहुनाजस्तै हुन् । हाँससँगै बकुल्ला लगायतका चराहरु पनि समय-समयमा तालमा आउने गरेका छन् । चराहरुको आगमनले तालको प्राकृतिक वातावरणमा थप जीवन्तता ल्याउने गरेको छ । चराहरु कहाँबाट आउँछन् र निश्चित समय बसेर कहाँ फर्किन्छन् भन्ने विषय पनि अध्ययन तथा अनुसन्धानका लागि रोचक पक्ष बन्न सक्छ । धार्मिक विश्वास र प्राकृतिक विशेषताको यस्तो संयोजनले बराहताललाई अन्य सामान्य पर्यटकीय गन्तव्यभन्दा फरक पहिचान दिन्छ । यहाँ आउने पर्यटकले केवल ताल हेरेर फर्कनुपर्ने अवस्था छैन । तालसम्म पुग्ने यात्रामै ग्रामीण जीवन, स्थानीय संस्कृति, पहाडी भूगोल र प्राकृतिक दृश्यको अनुभव गर्न सकिन्छ । बेनीबाट यात्रा सुरू गर्ने हो भने म्याग्दीको सदरमुकाम बेनी हुँदै दरवाङ पुगिन्छ । दरवाङ मालिका गाउँपालिकाको केन्द्र मात्र नभएर प्रमुख ब्यापारिक केन्द्रसमेत हो । दरवाङबाट निस्कोटतर्फको यात्रा सुरू भएपछि पहाडी भूगोलसँगै स्थानीय बस्ती, खेतीपाती, वनजंगल र डाँडाकाँडाको दृश्य हेर्दै बराह तालतर्फ पुग्न सकिन्छ ।

बेनीबाट करिब ३७ किलोमिटर र दरवाङबाट करिब १३ किलोमिटरको दूरीमा रहेको हुनाले म्याग्दी सदरमुकाम बेनी बाट पनि एक दिनमै पुगेर बेनी मै फर्कन सकिने गन्तब्यका रुपमा समेत यसलाई विकास गर्न सकिने सम्भावना छ । सडकको अवस्था थप सुधार हुँदै जाने हो भने म्याग्दी सदरमुकाम र आसपासका क्षेत्रबाट बराह तालमा पुग्ने पर्यटकको संख्या अझ बढ्न सक्छ । हाल ताललाई सुरक्षित बनाउन घेराबार गरिएको छ । घेराबारले तालको संरक्षणमा सहयोग पुगेको स्थानीयको भनाइ छ । ताल क्षेत्रमा मानिस तथा पशुचौपायाको अनियन्त्रित प्रवेश रोक्न, तालको मौलिकता जोगाउन र फोहोर ब्यवस्थापन गर्न घेराबार उपयोगी हुन सक्छ भन्ने दावी एक पक्षको हुँदै गर्दा पनि ताल तलैयाको संरक्षणमा गाइभैसीको प्रवेशले नै महत्व दिने अर्को पक्षको दाविलाई पनि नकार्न सकिदैन । पशु चौपाया तालमा प्रवेश गर्ने पौडीने गर्दा तालमा रहे झारहरू कतिपय खाने र कतिपयलाई कुल्चीदै र तालका पानी निस्कन सक्ने सम्भावित प्वालहरू पनि उनीहरूको आवतजावतले पुरीने हुँदा ताल संरक्षणमा पशुको रोक भन्दा पनि प्रवेश नै उचित हुने मालिका गाउँपालिकाका स्थानीय अगुवा खड्क छन्त्यालको भनाई छ । मालिका गाउँपालिका-१ का अध्यक्ष टंक पुनका अनुसार गाउँपालिकाले बराह तालको संरक्षणमा भूमिका खेल्दै आएको छ । धार्मिक तथा पर्यटकीय आस्थाको केन्द्रका रुपमा विकास भइरहेको यस स्थानको संरक्षण र प्रचारप्रसारका लागि गाउँपालिकाले प्रयास गरिरहेको उहाँले बताउनुभयो । गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाका अनुसार तालसम्म जीप तथा मोटरसाइकल लैजान सकिने अवस्था रहेको छ । सडक पहुँचलाई अझ ब्यवस्थित बनाउन सकिए बराह ताललाई गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तब्यका रुपमा विकास गर्न सकिने उहाँको विश्वास छ । स्थानीय तहले बराह तालको प्रचारप्रसारसँगै यसको संरक्षणलाई प्राथमिकतामा राख्नुपर्ने स्थानीयको अपेक्षा छ । पर्यटकको संख्या बढ्दै जाँदा तालको वातावरणमा नकारात्मक असर नपरोस् भन्नका लागि आवश्यक योजना बनाउनुपर्ने देखिन्छ ।

पर्यटन विकासका नाममा प्राकृतिक सम्पदामाथि अनावश्यक भौतिक संरचना निर्माण गर्नु उपयुक्त हुँदैन । बराह तालको मौलिकता नै यसको सबैभन्दा ठूलो आकर्षण भएकाले विकासका काम पनि त्यसैअनुसार वातावरणमैत्री हुनुपर्ने देखिन्छ । तालसम्म पुग्ने सडकलाई ब्यवस्थित बनाउने, पदमार्ग निर्माण तथा सुधार गर्ने, विश्रामस्थल बनाउने, खानेपानी तथा शौचालयको ब्यवस्था गर्ने, सूचना बोर्ड राख्ने र फोहोर ब्यवस्थापनको उचित प्रणाली बनाउने हो भने पर्यटकका लागि थप सहज वातावरण बन्न सक्छ । तर यस्ता पूर्वाधार निर्माण गर्दा तालको प्राकृतिक स्वरुपमा असर नपर्ने कुरामा विशेष ध्यान दिनुपर्ने हुन्छ । ताल नजिकै रहेको बराहताल आमा समूहको भवन, शौचालय र खानेपानीको धारालाई नै उचित तबरले पर्यटकीय रूपमा प्रयोग गर्न सकियो भने पनि थप राम्रो हुने आमा समूहकी अध्यक्ष बिकको भनाई छ ।

बराह तालको धार्मिक तथा सांस्कृतिक महत्वलाई समेत पर्यटनसँग जोड्न सकिन्छ । मंसिरमा हुने बराह पूजा स्थानीय संस्कृति र परम्पराको महत्वपूर्ण पक्ष भएकाले त्यस अवसरमा धार्मिक पर्यटक तथा सांस्कृतिक अध्ययनमा रूचि राख्ने मानिसलाई आकर्षित गर्न सकिन्छ । स

थानीय कला, संस्कृति, परम्परा, खानपान र ग्रामीण जीवनसँग बराह तालको पर्यटनलाई जोड्न सके यसको लाभ स्थानीय समुदायसम्म पुऱ्याउन सकिन्छ । सोही पुजालाइ केन्द्रमा राखेर बराहताल महोत्सबकै रूपमा प्रचार गर्न सकिने सम्भावना पनि छ ।

तालको संरक्षणमा स्थानीय समुदायको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ । पुस्तौँदेखि तालसँग जोडिएको स्थानीय ज्ञान, विश्वास र अनुभवलाई अभिलेखीकरण गर्दै वैज्ञानिक अध्ययनसँग जोड्न सके बराह तालको वास्तविक महत्व अझ ब्यापक रुपमा बाहिर ल्याउन सकिन्छ ।

पर्यटन क्षेत्रमा चासो राख्दै आउनु भएका म्याग्दी उद्योग बाणिज्य संघ मालिका बजार इकाइका सल्लाहकार खड्ग छन्त्याल भन्नुहुन्छ बराह ताल केवल पर्यटकीय फोटो खिच्ने ठाउँका रुपमा सीमित हुनु हुँदैन । यसको धार्मिक महत्व, स्थानीय जनविश्वास, सांस्कृतिक परम्परा, जैविक विविधता र प्राकृतिक विशेषतालाई एकीकृत रुपमा संरक्षण गर्न आवश्यक छ । तालको पानी नसुक्ने स्थानीय अनुभव, पानी आउने र जाने स्पष्ट स्रोत नदेखिनु, पानीमा पातपतिङ्गर नजम्नु, हिउँदमा पाहुना चराहरु आउनु र मौसम खुलेका बेला हिमशृङ्खलाको दृश्य देखिनु यी सबै पक्षले बराह ताललाई अध्ययन, अनुसन्धान र पर्यटनका लागि सम्भावनायुक्त बनाएका छन् ।

यस्ता प्राकृतिक विशेषताले गर्दा बराह ताल म्याग्दीका अन्य पर्यटकीय गन्तब्यसँग जोडिन सक्ने सम्भावना पनि राख्छ । बेनी-दरवाङ हुँदै निस्कोटलाई एउटा पर्यटकीय मार्गका रुपमा विकास गर्न सके स्थानीय स्तरमा पर्यटनको नयाँ सर्किट निर्माण हुन सक्छ । एकै क्षेत्रमा धार्मिक, प्राकृतिक, ग्रामीण र सांस्कृतिक पर्यटनको अनुभव लिन सकिने वातावरण बनाउन सके पर्यटकको बसाइ लम्ब्याउन पनि सहयोग पुग्न सक्छ । मालिका गाउँपालिका १ मा रहेका निस्कोट हुँदै मंगला गाउँपालिका ५ को चाङ्गा हुँदै बाबियाचौर झर्ने रूट बिकास गर्न सक्ने सम्भावनालाई पनि नकार्न सकिदैन ।

अहिले बराह तालको परिचय विस्तारै बाहिरी संसारसम्म पुग्दैछ । सामाजिक सञ्जाल, स्थानीय सञ्चारमाध्यम र पर्यटकीय गतिविधिमार्फत यसको चर्चा बढ्दै गएको छ । तर प्रचारसँगै संरक्षणको जिम्मेवारी पनि बढ्दै जाने भएकाले ताललाई भीडको गन्तब्यभन्दा प्रकृतिको सम्मान गर्ने पर्यटकीय स्थलका रुपमा विकास गर्नुपर्ने देखिन्छ । स्थानीयले बोल्ने र बाहिरकाले भन्ने शब्दमा केही अन्तर हुन सक्ने सम्भावना रहेको भएता पनि मुल उद्देश्य र मर्म भने एकै हो । बाहिरका मानिसहरू त्यहाँ पुग्दा बराह ताल भन्ने गरे पनि स्थानीयले बरपा ताल वा बराही ताल पनि भन्ने गर्दछन् । शब्दमा छलफल भन्दा पनि त्यसको पर्यटकीय महत्व तर्फ नै ध्यान दिनु आजको आवश्यकता रहेको छ ।

बराह तालको सबैभन्दा ठूलो सम्पत्ति यसको मौलिकता हो । यहाँ कृत्रिम रुपमा बनाइएको आकर्षणभन्दा प्रकृतिले आफैं दिएको सौन्दर्य महत्वपूर्ण छ । तालको शान्त पानी, वरपरको पहाडी भूगोल, हिमालको दृश्य, चराहरुको आगमन र स्थानीय धार्मिक विश्वासले यस स्थानलाई विशेष बनाएका छन् ।

कहिलेकाहीँ कुनै स्थान ठूलो पर्यटकीय पूर्वाधारका कारण चर्चित हुँदैन । एउटा सानो ताल, एउटा मन्दिर, केही स्थानीय विश्वास र प्रकृतिको अनौठो उपहारले पनि कुनै ठाउँलाई गन्तब्य बनाउन सक्छ । निस्कोटको बराह ताल त्यस्तै सम्भावना बोकेको स्थान हो ।

बेनीबाट ३७ किलोमिटरको यात्रा र दरवाङबाट १३ किलोमिटरको उकालो पार गरेपछि पुगिने बराह ताल अहिले सडक सञ्जालसँग जोडिएको छ । जीप र मोटरसाइकल तालसम्म लैजान सकिने अवस्था छ । तर तालको यात्रा सडक सकिएपछि मात्र सुरू हुँदैन, वास्तविक यात्रा त त्यहाँ पुगेर तालको शान्त पानी नियाल्दा सुरू हुन्छ । त्यहाँ पुगेर केहीबेर ताललाई हेर्दा स्थानीयका पुस्तौं पुराना कथाहरु सम्झन सकिन्छ । हरेक मंसिरमा हुने बराह पूजा सम्झन सकिन्छ । करिब २५ वर्षदेखि पानी नसुकेको स्थानीय अनुभव सम्झन सकिन्छ । पानीको स्रोत र निकास नदेखिए पनि पानी कायम रहेको कुरा मनमा खेल्न सक्छ । हिउँदमा आउने हाँस र बकुल्लालाई हेर्दै प्रकृतिको आफ्नै चक्र बुझ्न सकिन्छ । र मौसम खुलेको दिन टाढा देखिने हिमशृङ्खलालाई नियाल्दै आफूले खोजिरहेको शान्ति यही पहाडको काखमा कतै रहेछ कि भन्ने अनुभूति पनि हुन सक्छ ।

बराह ताल त्यसैले केवल पानीले भरिएको एउटा ताल होइन । यो निस्कोटवासीको आस्था हो, स्थानीय संस्कृतिको एउटा हिस्सा हो, प्रकृतिको अनुपम उपहार हो र म्याग्दीको नयाँ पर्यटकीय सम्भावनाको एउटा ढोका हो । अब त्यसलाई कति राम्रोसँग संरक्षण गर्ने, कसरी ब्यवस्थित रुपमा प्रचार गर्ने र स्थानीय समुदायको जीवनसँग जोडेर दिगो पर्यटनको गन्तब्य बनाउने भन्ने जिम्मेवारी स्थानीय सरकार, समुदाय र सम्बन्धित सबै पक्षको काँधमा छ ।

बराह तालमा पानी नसुकोस्, यसको वरिपरिको प्रकृति नबिग्रियोस्, आस्था र संस्कृति पुस्तौँसम्म हस्तान्तरण भइरहोस् र यहाँ आउने हरेक पर्यटकले तालको सौन्दर्यसँगै निस्कोटको आत्मीयता पनि लिएर फर्किन सकून् यही नै बराह तालको वास्तविक सम्भावना हो । भएको सम्भावनालाई उचित प्रयोग मात्र नभएर प्रवर्द्धन गर्नु पनि हामी सबैको कर्तब्य र दायित्व हो ।

## ७६ जना ...

अस्पतालमा सुत्केरी हुनका लागि आएका २० वर्ष मुनिका ७६ जनामध्ये ५२ जना अर्थात् ६८ दशमलव ४ प्रतिशत दलित समुदायका छन् । जनजाति समुदायका १७ जना र ब्राह्मण/क्षेत्री समुदायका सात जना रहेका छन् । यसले गरिबी, शिक्षामा पहुँचको कमी, विद्यालय छाड्ने अवस्था र बालविवाहजस्ता सामाजिक जोखिम केही समुदायमा बढी रहेको संकेत गर्छ । यद्यपि अस्पतालमा उपचारका क्रममा शल्यक्रियाको दर भने समुदायअनुसार ठूलो अन्तर देखिएको छैन ।

प्रदेश अस्पतालमा आएका मध्ये म्याग्दीको मंगला गाउँपालिकाबाट १८, बेनी नगरपालिकाबाट १६, मालिका गाउँपालिकाबाट १२, धवलागिरिबाट नौ, रघुगंगाबाट आठ जना र पर्वतको जलजला गाउँपालिकाबाट आठ किशोरी सुत्केरी भएको तथ्याङ्कले देखाएको छ । म्याग्दीका सबै स्थानीयतह र छिमेकी जलजला गाउँपालिका भन्दा अन्यत्रबाट पनि पाँच जनाले अस्पतालबाट सेवा लिएको अस्पतालले जनाएको छ । अस्पतालमा सेवाका लागि आएका मध्ये जलजला गाउँपालिका र रघुगंगा गाउँपालिकाबाट आएका किशोरी सुत्केरीमा शल्यक्रियाको दर क्रमशः ६२ दशमलव ५ र ५० प्रतिशत देखिएको अस्पतालले जनाएको छ । यसले ग्रामीण क्षेत्रमा गर्भावस्थाका जोखिम समयमै पहिचान गरी उपयुक्त स्वास्थ्य संस्थामा पठाउने प्रणालीलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखाउँछ । बेनी अस्पतालले सेवा दिएको भन्नु भन्दा पनि १४ वर्षकी बालिका प्रसूति वार्डमा पुग्नु एउटा परिवारको मात्र विषय नभएर विद्यालय, समुदाय, स्थानीय सरकार र राज्यका सबै तहका लागि गम्भीर चेतावनीको विषय पनि हो । बालिका आमा बन्ने अवस्थासम्म पुग्नुअघि नै बालविवाह रोक्न, विद्यालयबाट बाहिरिन नदिन र जोखिममा रहेका बालबालिकाको पहिचान गर्न आवश्यक छ ।

स्थानीय तहले किशोर-किशोरीमैत्री स्वास्थ्य सेवा प्रभावकारी बनाउन, विद्यालय तथा समुदायमा उमेरअनुकूल यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी शिक्षा विस्तार गर्न र महिला स्वास्थ्य स्वयंसेविकामार्फत बालविवाहविरूद्धको सचेतना गाउँगाउँसम्म पुऱ्याउन आवश्यक देखिएको जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख डिलकुमारी खत्रीले बताउनुभयो । बेनी अस्पतालको यो तथ्यांक केवल स्वास्थ्यसम्बन्धी अभिलेख होइन, समाजको अवस्थाको ऐना पनि हो । कानुनले विवाहको उमेर तोकेर मात्र बालविवाह अन्त्य हुँदैन । १४ वर्षकी बालिका आमा बन्नुपर्ने अवस्था आउनै नदिन परिवार, समाज, विद्यालय, स्थानीय सरकार र राज्यका संयन्त्र एकसाथ सक्रिय हुनुपर्छ । किशोरीलाई समयअगावै मातृत्वको बोझ होइन, सुरक्षित बाल्यकाल, शिक्षा र आफ्नो भविष्य रोज्ने अवसर दिन सक्नु नै यस्तो अवस्थाको वास्तविक समाधान हो ।







# फूलबारी भित्तेपत्रिकाको तेस्रो अंक प्रकाशित

विद्यार्थीहरुको सिर्जनशीलता, ज्ञान र खोजमूलक सोचलाई प्रोत्साहन गर्ने उद्देश्यले के.बी. एकेडेमी एन्ड बोर्डिङ स्कुल, दरवाङ, म्याग्दीमा 'फूलबारी' भित्तेपत्रिकाको तेस्रो अंक प्रकाशित गरिएको छ।

विद्यालयमा विद्यार्थीको प्रतिभा प्रस्फुटन गराउने तथा उनीहरुमा अध्ययनसँगै सिर्जनात्मक र अनुसन्धानात्मक क्षमता विकास गर्ने उद्देश्यले भित्तेपत्रिका प्रकाशन गरिएको विद्यालयले जनाएको छ। तेस्रो अंकमा विशेषगरी विज्ञान तथा कम्प्युटर विज्ञानसँग सम्बन्धित विभिन्न जानकारीमूलक र रोचक सामग्रीलाई प्राथमिकता दिइएको छ।




भित्तेपत्रिकामा विज्ञान तथा प्रविधिका विषयसँगै वातावरण संरक्षण, स्वास्थ्य, कम्प्युटर प्रविधि, डिजिटल सुरक्षा, सामाजिक सञ्जालको सदुपयोग, प्रदूषण नियन्त्रणलगायतका विषयमा विद्यार्थीहरुले तयार पारेका सामग्री समावेश छन्। विद्यार्थीहरुले चित्र, आलेख, तथ्य तथा सन्देशमूलक सामग्रीमार्फत आफ्ना सिर्जना प्रस्तुत गरेका छन्।

भित्तेपत्रिकामा 'Science & Technology', 'Computer Science' लगायतका शीर्षकमा सामग्री राखिएको देखिन्छ। वातावरण संरक्षण र स्वस्थ जीवनशैलीसम्बन्धी सन्देशलाई पनि विद्यार्थीहरुले चित्र तथा लेखमार्फत प्रभावकारी रुपमा प्रस्तुत गरेका छन्।

विद्यालयले यस्ता सिर्जनात्मक गतिविधिले विद्यार्थीलाई पाठ्यपुस्तकमा सीमित ज्ञानभन्दा बाहिर गएर विषयवस्तुको खोज, अध्ययन र प्रस्तुतीकरण गर्न प्रेरित गर्ने विश्वास व्यक्त गरेको छ। नियमित रुपमा भित्तेपत्रिका प्रकाशन गर्दा विद्यार्थीको लेखन, चित्रकला, अनुसन्धान तथा प्रस्तुतीकरण सीप विकासमा समेत सहयोग पुग्ने विद्यालयको अपेक्षा छ।













प्रो.पुर्ण गौचन ९८५७६३०२७८

होटल हिलभ्यू, थकाली भान्साघर

पिपलचोक, बेनी, म्याग्दी

फोन :- ०६९-५२११५८/५२०३५९

पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।




लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशकः अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्कः ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :erupse@gmail.com, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादकः तुलसी सुवेदी